आज मिति २०७८/०२/१४ गते का दिन बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेमेन गुरुङको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा विभिन्न प्रस्तावहरु उपर छलफल गरी देहायानुसार निर्णय गरीयो ।

उपस्थिती:

| हस्ताक्षर | नाम थर | पद |
|---|---|---|
| | श्री फेन्चोक छेमेन गुरुङ | कार्यपालिका अध्यक्ष |
| | श्री दिकी गुरुङ | कार्यपालिका उपाध्यक्ष |
| | श्री ज्ञानेन्द्र शर्मा | प्रमुख प्रशासकीय अधिकृत |
| | श्री विर बहादुर गुरुङ | कार्यपालिका सदस्य |
| | श्री छिन नाम्प्या गुरुङ | कार्यपालिका सदस्य |
| | श्री नविन कुमार गुरुङ | कार्यपालिका सदस्य |
| | श्री तेन्जिङ नाम्गेल गुरुङ | कार्यपालिका सदस्य |
| | श्री राप्के गुरुङ | कार्यपालिका सदस्य |
| | श्री साङ्गो छिरिङ गुरुङ | कार्यपालिका सदस्य |
| | श्री फुल कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री लक्ष्मी कुमारी गुरुङ | कार्यपालिका सदस्य |
| | श्री देवी गुरुङ | कार्यपालिका सदस्य |
| | श्री फुलमाया वि.क. | कार्यपालिका सदस्य |
| | श्री छिरीङ आङ्ग्याल गुरुङ | कार्यपालिका सदस्य |
| | **अन्य उपस्थिति** | |
| | | |
| | | |
| | | |
| | | |

प्रस्ताव तथा छलफलका विषयहरु:

१) रकमान्तरण तथा बजेट संशोधन सम्बन्धमा ।

२) स्वास्थ्य सामाग्री वितरण सम्बन्धमा ।

३) सम्मान सम्वन्धमा ।

४) कोरोनाबाट मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा आर्थिक वर्ष २०७७/७८ को प्रशासनिक वजेट अन्तर्गतका केहि शिर्षकहरुमा कोभिड १९ को प्रबावका कारणले खर्च हुन नसक्ने र कुनै शिर्षकमा बजेट कम भएको हुँदा सो को पुष्ट्याई सहित बजेट संशोधन गरी आगामी गाउँसभामा समर्थनको लागि पेश गर्ने निर्णय गरीयो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा कोभिड १९ को जोखिम यस गाउँपालिकामा समेत अत्यधिक बढिरहेको यस विषम परिस्थितिमा महामारी नियन्त्रणको लागि गाउँपालिका भित्रका प्रत्येक घर र बस्तिमा रोग प्रतिरोधात्मक क्षमता बढाउने भिटामिन, मास्क सेनिटाइजर लगायतका स्वास्थ्य सामाग्रीहरु निशुल्क वितरण गर्ने निर्णय गरीयो । र सो को लागि उपभोक्ता समिति अभिमुखिकरण कार्यक्रम अन्तर्गतको रकम खर्च नहुने देखिएको हुँदा सो रकम उक्त स्वास्थ्य सामाग्री खरिदको लागि रकमान्तरण गर्ने निर्णय गरीयो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा कोभिड १९ को पहिलो र दोस्रो लहरको समयमा यस गाउँपालिकालाई आर्थिक, भौतिक एवं अन्य विविध पक्षबाट सहयोग गर्नुहुने सम्पुर्ण व्यक्ति तथा संस्थाहरुलाई धन्यवाद दिदैं निजहरुलाई गाउँपालिकाबाट सम्मान स्वरुप सम्मान पत्र उपलब्ध गराउने निर्णय गरीयो ।

निर्णय नं. ४

वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा कोभिड १९ को कारणले मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापनको क्रममा डोजर , ट्र्याक्टर लगायतका साधन प्रयोग गर्दा भएको खर्च गाउँपालिकाको प्रकोप व्यवस्थापन कोष खाता (शिर्षक नं. २७१११) बाट व्यहोर्ने गरी भुक्तानि दिने निर्णय गरीयो ।

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका प्रशासनीक व्यय अनुमान सशोधित रु. हजारमा

| क्र.सं. | खर्चको शीर्षक नं | विवरण | वार्षिक बजेट | थप | घट | अव कायम हुने बजेट | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1 | २२२१२ | इन्धन कार्यालय प्रयोजन | ३०० | ३०० | ० | ६०० | गाउँपालिकामा कोभिड बिरामीहरुको लागि एम्बुलेन्स सेवा समेत सञ्चालन गरीएको हुँदा सो को लागि रकम संशोधन आवश्यक | |
| २ | २२३१४ | इन्धन अन्य प्रयोजन | १०० | | १०० | ० | | इन्धन कार्यालय प्रयोजनमा थप गरीएको |
| ३ | २२२१२ | इन्धन पदाधिकारी | २०० | | २०० | ० | | इन्धन कार्यालय प्रयोजनमा थप गरीएको |
| ४ | २२२१३ | सवारी साधन मर्मत खर्च | ६०० | ३०० | ० | ९०० | | आन्तरिक श्रोत (अ.ल्या.) बाट थप गरीएको |
| ५ | | कोभिड १९ प्रकोप नियन्त्रण तथा न्युनिकरणको लागि अत्यावश्यक सामाग्री खरिद ( भिटामीन तथा औषधि खरिद समेत) | ० | ५०० | ० | ५०० | गाउँपालिकामा कोभिडको जोखिम अत्यधिक देखिएको हुँदा सो को नियन्त्रणको लागि | उपभोक्ता समिति अभिमुखिकरण कार्यक्रमबाट थप गरीएको |
| ६ | २२५१२ | उपभोक्ता समिति अभिमुखिकरण | ० | ५०० | ० | ५०० | कोभिडको कारणले कार्यक्रम संचालन गर्न नसकिएको र बजेट बचेको | कोभिड १९ प्रकोप नियन्त्रण तथा न्युनिकरणको लागि अत्यावश्यक सामाग्री खरिद ( भिटामीन तथा औषधि खरिद समेत) को लागि थप गरिएको |